# विन्ध्या सुब्बाकृत 'ईश्वरी' कथाकी बालपात्राको मनोविश्लेषणात्मक अध्ययन

- **कोमल सुब्बा**

नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय।

**सार-** प्रस्तुत शोधपत्रमा विन्ध्या सुब्बाको 'ईश्वरी' कथाकी बाल पात्र ईश्वरीको मनोविश्लेषणात्मक अध्ययन गरिएको छ। बालमनोविज्ञानबारे विभिन्न मनोवैज्ञानिकहरूको अधारणा प्रस्तुत गर्दै कथाकी मुख्य बालिका पात्र ईश्वरीमा निहित संवेगहरूको विश्लेषण गर्ने प्रयास गरिएको छ।

**बीज शब्द-** मनोविश्लेषण, बालमनेविश्लेषण, बालपात्रा, संवेग।

## १ परिचय

जर्मन भाषाको 'साइकोनालाइज' शब्दबाट 'साइको-एनालिसिस शब्दको विकास भएको हो। 'साइकोएनालिसिस' शब्दको नेपाली रूपान्तर मनोविश्लेषण हो। मनको वैज्ञानिक अध्ययन गर्ने शास्त्र 'साइकोलजी' अन्तर्गत विकसित विशिष्ट रूपलाई नै नेपालीमा मनोविश्लेषण भनिन्छ। मनोविश्लेषणको अर्थ मनको अस्तित्वको विस्तृत व्याख्या एवम् मूल्याङ्कन हो।[१] मनोविश्लेषण शब्दको सृजना र विकास सिग्मन्ड फ्रायडले ई सं १८९६ मा गरेका हुन्। मनोविश्लेषणमा मानव मनका अन्तर्निहित विभिन्न घात प्रतिघात द्वन्द्व तथा मानसिक तानातानीका अनिश्चितता र विकासको निरीक्षण तथा वैज्ञानिक विश्लेषण गरिएको हुन्छ।

बालमनोविश्लेषण पनि मनोविज्ञानका अन्य शाखाहरू जस्तै एउटा शाखा हो जसको सम्बन्ध बालजीवनका विभिन्न पक्षसँग हुँदछ। यो विश्लेषण हो जसले बालकको शारीरिक साथै मानसिक विभिन्न पक्षहरूको अध्ययन गर्दछ। मनोविश्लेषणको एउटा प्रमुख शाखा रहेको बाल मनोविश्लेषणले बाल्यवास्थामा हुने बालबालिका  हरेक प्रकारका विकास र व्यवहारको अध्ययन गर्दछ।

---

[१] मुरारीप्रसाद रेग्मी, वि सं २०५०, **मनोविश्लेषणात्मक समालोचना**, दोस्रो संस्करण साझा, प्रकाशन, पृ १

## २ बालमनोविज्ञानबारे प्रमुख मनोवैज्ञानिकहरूको धारणा

अठारौँ शताब्दीमा बालकको विकासबारे  पेस्टोलोजीले सर्वप्रथम वैज्ञानिक विवरण प्रस्तुत गरे। उनको विवरण आफ्नो साढे तीन वर्षीय छोराको ‘बेबी बायोग्राफी’मा आधारित थियो। उन्नाइसौँ शताब्दीमा जीव वैज्ञानिक, मनोवैज्ञानिक अनि समाजशास्त्रीहरूले आफ्नो दृष्टिकोणबाट बालकको व्यवहार अनि विकास सम्बन्धी समस्याहरूको अध्ययन गर्न थाले। सर्वप्रथम क्युहिलेट (१७९६-१८७४)-ले आफ्नो सर्वेक्षणअन्तर्गत मानिसका शरीरको साथै नैतिक, बौद्धिक तथा संवेगात्मक परिवर्तनका विभिन्न स्तरमा तिनीहरूको कार्य अनि क्षमताको अध्ययन गरे। यसै गरी  बालकमा संवेदना र संवेदनशील अङ्गहरूका बिचमा जन्मँदै प्रत्यक्षीकरणको शक्ति हुन्छ भन्ने कान्टका विचारहरूलाई जोहान्स मुलरले स्टेरिओस्कपका सहायताले परीक्षण गरी अक्षिपटमा पर्ने प्रकाशको प्रभाव र अप्टिक नर्वको प्रतिवर्त-क्रिया सम्बन्धी अध्ययन गरे। बालकहरूको सिकाइका लागि रेन्डम मुवमेन्ट र पुनरावृत्तिको महत्त्व देखाउन संवेदनाको शारीरिक व्याखा गर्ने बेलायती विद्वान् अलेक्जान्डर बेनले मनोविज्ञानको प्रचार प्रसारका लागि ई सं १८७६ मा **माइन्ड** नामक पत्रिकाको प्रकाशन पनि गरे। यसपछि हरेक मानसिक कार्यलाई एउटा सङ्गठनका रूपमा लिन थालियो र साहचर्यवाद चाहिँ बालबालिकाहरूको स्मृति र सिकाइ जस्ता शिक्षाका सिद्धान्तहरूमा क्रमशः फैलियो।[२]

मनोविज्ञानको इतिहासमा बालअध्ययन सम्बन्धी आन्दोलनका संस्थापक भनेर चिनिने वुन्टका अमेरिकी शिष्य स्टेनली हलले ई सं १८८७ मा **अमेरिकन जर्नल अफ साइकोलजी** पत्रिकाको प्रारम्भ गरेका थिए। ई सं १८८८मा उनी क्लार्क विश्वविद्यालयसित सम्बन्धित भए पछि बाबुआमा र अन्य अभिभावकहरूबाट ससाना नानीहरूप्रति हुने निर्दयतापूर्ण व्यवहारको प्रतिरोधमा न्युयोर्कमा ‘चाइल्ड क्रुएल्टी प्रिवेन्सन सोसाइटी’ र ‘शिशु निकेतन’ को स्थापना भयो।[३]

बालमनोविज्ञानलाई सही दिशातर्फ लैजान प्रेयरले ई सं १८८८ मा आफ्नै छोराका व्यवहारको निरीक्षण गरे। ई सं १९०३ मा उनको पुस्तक **स्टडिज अव् चाइल्डउड** प्रकाशित भयो। ई

[२] राम पौडेल, वि सं २०६३, **आधुनिक नेपाली कथामा बालमनोविज्ञान**, काठमाडौँ, राम पौडेल, पृ २४

[३] पूर्ववत्, पृ२६

सं १९०९ मा सिगमन्ड फ्रायड तथा सी जी युङका मनोविज्ञानले बालमनोविज्ञानलाई पनि प्रभाव पार्‍यो।

क्रो अनि क्रोको बिचारमा 'बालमनोविज्ञान त्यो वैज्ञानिक अध्ययन हो जसले व्यक्तिका विकासको अध्ययन गर्भकालको प्रारम्भदेखि किशोर अवस्थाको प्रारम्भिक अवस्थासम्म गर्दछ।'[४] हर्लकले पनि बालमनोविज्ञान विकासात्मक मनोविज्ञानको त्यो शाखा हो जसले गर्भाधानदेखि मृत्युपर्यन्त हुने मान्छेका विकासको विभिन्न समय र परिवर्तनबारे अध्ययन गर्दछ भनेका छन्। अर्का मनोवैज्ञानिक आइजनेकले बालमनोविज्ञानको सम्बन्ध बालकको मनोवैज्ञानिक प्रक्रियाहरूको विकाससँग हुन्छ भनेका छन्। यसमा गर्भकालीन अवस्था, जन्म, शैशव अवस्था, बाल्यावस्था, किशोर अवस्था, परिपक्व अवस्थासम्मको बालकहरूको मनोवैज्ञानिक विकास प्रक्रियाको अध्ययन गरिन्छ भनेका छन्।

उल्लिखित बालमनोविज्ञान सम्बन्धी अवधारणालाई अझ स्पष्ट पार्न अझ विशिष्ट अवधारणाहरू प्रस्तुत गरिन्छ-

(क) एरिकसनले बालकहरूको विकासमा मानसिक अनि सामाजिक अवस्थालाई महत्त्व दिएका छन्। उनीअनुसार जन्मेको प्रथम अवस्थामा उसको सबै आवश्यकता पुरा भएको हुँदा बालकका मनमा आफ्ना अभिभावकप्रति श्रद्धा हुन्छ। दोस्रो अवस्थामा उसलाई आफू हुनुको बोध हुन लाग्छ अनि उसमा सङ्कल्प शक्ति उत्पन्न हुँदछ। तेस्रो अवस्थामा बालकले अनुकरण गरेर धेरै कुरा सिक्ने गर्दछ। कहिलेकहीँ बालक आक्रामक पनि हुने गर्दछ।

छदेखि बाह्र वर्षको अवस्थामा उसमा कर्तव्यको भावना जागृत हुँदछ। बाह्र वर्षदेखि अठार वर्षको अवस्थामा उसले आफ्नो स्वतन्त्र व्यक्तित्त्व निर्माण गर्दछ।

(ख) प्रसिद्ध मनोविश्लेषक फ्रायडअनुसार बालकको विकास लिबिडो वा कामवृत्तिअनुसार हुँदछ। प्रथम अवस्थामा बालकले आफूसँगै प्रेम गर्दछ। उसका सबै क्रियाकलापहरू आफूमा नै सीमित हुने गर्दछन्। फ्रायडले यसलाई 'नार्सिसिज्म' भनेका छन्। यो अवस्था

[४] देवराज उपाध्याय, ई सं १९६४, **आधुनिक हिन्दी कथा साहित्य और मनोविज्ञान**, इलाहाबाद, साहित्य भवन प्राइभेट लिमिटेड, पृ १५३

बालकको शैशव कालमा पाइन्छ। दोस्रो अवस्थामा बालकले आफ्ना आमा बाबुलाई प्रेम गर्दछ। छोरो आफ्नी आमासँग अनि छोरी आमाभन्दा बढी आफ्नो बाबासँग नजिक हुन्छ। फ्रायडले यसलाई क्रमशः 'इडिपस' अनि 'एलेक्ट्रा' कम्प्लेक्स भनेका छन्। तेस्रो अवस्थामा बालबालिकाहरू स्वलिङ्गी बालकसँग नै प्रेम गर्दछ। यस अवस्थामा बालकहरू बालकहरूसँगै अनि बालिकाहरू बालिकाहरूसँगै खेल्न रमाउँछन्। छ वर्षदेखि तेह्र वर्षका अवस्थामा बालबालिकाहरू आफ्नै स्वालिङ्गीसँग खेल्न मन पराउँछन्। तेह्रदेखि उन्नाइससम्म तिनीहरूको लैङ्गिक विकास पूर्ण भएको हुँदा यो किशोर अवस्थामा उनीहरू विपरीत लिङ्गतिर आकर्षित हुन्छन्। यस अवस्थाको विकास जीवनपर्यन्त रहन्छ।

(ग) ज्याँ पियाजेले बालकको विकास अवस्थालाई चारवटा वर्गमा बाँडेका छन् –

(अ) कुनै वस्तुलाई हेर्ने, समाउने, मुखमा हाल्ने, चाट्ने, चुस्ने प्रारम्भिक अवस्थादेखि दुई वर्षसम्मको अवधि संवेदनाको गत्यात्मक अवस्था (सेन्सरी मोटर स्टेज)।

(आ) आफूले जानेर बुझेर अनुभव गरेको संसार मात्र सत्य ठान्ने आत्मकेन्द्रित भावनाको प्राचुर्य हुने दुईदेखि सातवर्षसम्म पूर्वगत्यात्मक अवस्था (प्री अपरेसनल स्टेज)।

(इ) वस्तुको रूप, तौल, मात्रा, कुनै कामको कार्यकारण सम्बन्ध, परिणाम, जोड, घटाउ आदि ज्ञानले स्वभाव र सोचाइमा गुणात्मक भिन्नता आउने सातदेखि बाह्र वर्षसम्मको ठोस गत्यात्मक अवस्था (कङ्क्रिट अपरेसनल स्टेज)।

(ई) आफूले प्राप्त गरेको शिक्षा र अनुभवका आधारमा तर्क, सिद्धान्त, सामाजिक मूल्य र मान्यता आदिलाई वातावरणअनुसार आत्मसात गर्ने औपचारिक गत्यात्मक अवस्था (फर्मल अपरेसनल स्टेज)।[५]

## ३ बालमनोविश्लेषणका दृष्टिले 'ईश्वरी' कथाकी बालपात्रा

भारतीय नेपाली साहित्यमा विन्द्या सुब्बा एउटा चर्चित नाम हो। यिनका आजसम्म प्रकाशित कथासङ्ग्रह हुन्- **कथाक्रम** (ई सं १९८४), **हस्पिस** (ई सं २००३), **शीतलहर** (ई सं २०१३)

---

[५] राम पौडेल, **आधुनिक नेपाली कथामा बालमनोविज्ञान**, पूर्ववत्, पृ ३२

आदि। **शीतलहर**मा जम्मा सोह्रवटा कथाहरू समाविष्ट छन्। यस अध्ययनपत्रमा यसै कथा सङ्ग्रहको 'इश्वरी' कथालाई बालमनोविश्लेषणका आधारमा हेरिएको छ।

'ईश्वरी' बालमनोविज्ञानमा आधारित कथा हो। कथाकी बाल पात्रा इश्वरी आफ्नै आमाबाट बेचिएकी शोषित बालिका हो। आफ्नी आमाको व्यक्तिगत स्वार्थ परिपूर्तिका निम्ति ऊ सानैमा अरूका घरमा काम गर्न बाध्य बनेकी छ। यसरी आफ्ना इच्छा, सपना मारेर अरूका घरमा काम गर्न बाध्य बनाउने आफ्नी आमाप्रति उसमा आक्रोश छ, घृणा छ। उसले आफ्नो अवस्थाको जिम्मावार आफ्नी आमालाई मानेकी छ। खेल्ने, रमाउने उमेरमा बाध्यतावश बालश्रम गर्न परेकाले उसमा बाल मनोविकृतिको विकास भएको छ। एकान्तमा बस्नु, एक्लै हाँस्नु, गुनगुनाउनु, भित्तामा हिर्काउँदै आमाप्रति आक्रोश व्यक्त गर्नु उसका बाल मनोविकृतिका सङ्केत मान्न सकिन्छ।

फ्रायडले मान्छेका मनलाई दुईवटा प्रवृत्तिमा बाँडेका छन्- जीवनमुखी प्रवृत्ति र मृत्योन्मुखी प्रवृत्ति। जीवनमुखी प्रवृत्तिलाई प्रेम, आकर्षण, आशक्ति एवम् रचनात्मक कार्यको प्रतीक मानिन्छ भने मृत्योन्मुखी प्रवृत्ति घृणा, क्रोध, विनाश, मृत्यु आदिका रूपमा अभिव्यक्त हुन्छ। यो प्रवृत्ति बदला लिन, घृणा गर्न अग्रसर हुन्छ। 'इश्वरी' कथाकी बालपात्र पनि मानसिक विसङ्गतिको सिकार भएर मनोरोगी साथै असामान्य भएकी छ। कथामा इश्वरीमा दुईवटा रूप देखिन्छन्। ऊ आफ्नो मालिकसँग राम्रो स्वभाव देखाउँछे भने एकान्तमा हुँदा उसको बेग्लै रूप देखिन्छ। इश्वरीका अन्तर्मनमा निहित द्वन्द्वको विकृत अवस्थालाई कथामा यसरी चित्रण गरिएको छ- "मैले चेपबाट हेरेँ, ऊ भाँडा माझ्न छाडेर हावामा कसैलाई मुक्का हान्दै थिई। फेरि बसी बसी एकपट्टिको लात उचाली। पछिबाट चिहाएकीले गर्दा मैले केवल हात खुट्टा मात्र चलाएकी देखेँ। अनुहारको भाव देखिरहेकी थिइनँ। फेरि जुरुक्क उठी र कम्मरमा हात लगेर अचेलको फिल्मी पारामा जस्तो नाँच्न थाली।"[६]

मनोविद् वान्डुराले बालकले समाजका कुनै आदर्श पुरुषका सबल पक्षको अनुकरण गर्छ भनेका छन्। शिशु अवस्थादेखि नै बालकमा अनुकरणात्मक प्रवृत्ति विद्यामान रहेको हुन्छ र त्यो प्रौढ अवस्थासम्म पनि रहिरहन्छ। सोझो अर्थमा अनुकरण भन्नु नै नक्कल गर्नु हो। त्यसैले बालक सधैं आफूभन्दा ठुलाको नक्कल गर्दछ। यही कुरालाई मनोविज्ञानमा मोडेलिङ भनिन्छ। कथामा बालपात्र ईश्वरीले पनि प्रत्यक्ष रूपमा कथाकी म पात्र अर्थात् उसकी मालिकनी जस्तै नोकरी गर्ने स्वतन्त्र नारी

[६] विन्द्या सुब्बा, ई सं २०१३, **शीतलहर**, काठमाडौँ, अल्टिमेट मार्केटिङ लाजिम्पाट, पृ ४२

हुन्छु भनेर केही भनेकी छैन तर कथाकी म पात्र काममा गएको बेला उसका श्रृङ्गारका सामानहरू चलाउनु, लिपिस्टिक ओठमा लगाउनु जस्ता कार्यले म पात्र जस्तै उसले पनि स्वतन्त्र आफ्नै खुट्टामा उभिन चाहेको कुरो इङ्गित गर्दछ। ईश्वरीमा पनि कलाकार हुने अनि राम्री हुने रहरहरू छ। उसमा पनि राम्रो कलाकार हुने गुण भएको कुरो म पात्रकी छिमेकीको "तपाईँको घरकी केटीले त कस्तो दामी नाच्दिरहिछ है" भन्ने वाक्यबाट थाहा पाउन सकिन्छ। धैरै रहर अनि गुण भए तापनि आफ्नो दयनीय आर्थिक अवस्थाका कारण आफ्नो सपना मार्नु नै यस कथाकी बालपात्राको मनोद्वन्द्व रहेको पाइन्छ।

कथाकी बाह्र वर्षीय ईश्वरीमा आफ्नी आमाप्रति क्रोध छ। बालकको आन्तरिक परिवेशमा क्रोधको भूमिका र स्थान पनि महत्त्वपूर्ण रहेको पाइन्छ। केही मनोवैज्ञानिक यसलाई मूल संवेग मान्दछन्। यसलाई वीभत्सको नामबाट पनि अभिव्यक्त गरिन्छ।[७] उसमा आफ्नी आमा साथै विगतमा उसले काम गरेको घरको तितो अनुभव रहेको कुरो उसका यी वाक्यबाट स्पष्ट हुदँछ- "कति त बुढो मान्छेको पनि ब्योहोरा नै हुँदैन।"[८] उसले विगतमा वीभत्स परिस्थितिको सामना गर्नु परेको थियो। कथामा उसले उसमाथि भएको अन्यायको विरोध गर्न नसक्नु नै उसमा मनोविकृतिको विकास हुनु हो। तर ऊ परपीडक नभएर स्वपीडक रहेकाले यी सबैको कारण उसमा मनोविकृतिको विकास भएको छ। उसमा विकृति छ, आक्रोश छ तर विरोध नगरेर स्वयम् मानसिक रूपले ऊ अस्वस्थ हुँदै गएकी छ।

कथामा ईश्वरीको दोहोरो व्यक्तित्वको विश्लेषण गरिएको छ। उसको एउटा व्यक्तित्व सोझी लाटी छ जो ऊ मालिकनी सामु प्रस्तुत हुदँछ। अर्को विद्रोही व्यक्तित्व जुन ऊ एक्लो हुँदा प्रस्तुत हुँदछ। उसको यस्तो व्यक्तित्वलाई कथामा यसरी देखाइएको छ- "ऊ गई, लाग्यो ईश्वरी बाहिरबाट जो छे हामी समक्ष, भित्र या पछिबाट ठिक त्यस्तै होइन।"[९]

बाल मनोविज्ञानले यही भन्छ- 'उचित लालन र आमाको न्यानो माया नपाइकन कुनै पनि बालकले शारीरिक तथा मानसिक विकासमा गतिशीलता प्राप्त गर्न सक्दैन। आमाको न्यानो माया र स्नेह नपाउने बालक मानसिक रूपले असन्तुष्ट र रुग्ण रहन्छ। एउटा बालकको कोमल मनस्थितिमा अनेकौँ मानसिक विकारहरू उत्पन्न गर्न त्यस प्रकारका अतृप्ति वा असन्तुष्टिको प्रमुख हात रहन्छ।

---

[७] जगदानन्द पान्डेय, **बालमनोविज्ञान**, पूर्ववत्, पृ ९०

[८] विन्द्या सुब्बा, **शीतलहर**, पूर्ववत, पृ ४४

[९] पूर्ववत, पृ ४१

बालकहरूमा देखिने अटेरीपन, विद्रोही स्वभाव त्यस्तै मानसिक रुग्णता र अतृप्तताका कटु परिमाण हुन्। कथामा ईश्वरीकी आमालाई छोरीसँग सरोकार छैन। उसकी आमालाई मात्र पैसासँग सरोकार भएको कुरो कथामा यसरी देखाएको छ- "उनीहरूकी आमाले एक महिना, दुई महिनामा आएर ईश्वरीको पारिश्रमिक उठाएर लान्थी बहिनीकहाँबाट र फेरि बहिनीलाई दिन्थेँ म। कहिले एक दुई महिनाको अग्रिम राशीसमेत लिएर गएकी हुन्थी। तर ईश्वरीलाई भेट्ने इच्छा लिएर कहिल्यै पनि यहाँसम्म आइन।"[१०]

अनुचित रूपले बाल इच्छाहरूको दमन गर्दा बालकको मनस्थिति कुण्ठित हुँदछ। मन र शरीरको सम्बन्ध निकट रहेकाले मानसिक पीडा र व्यथाको प्रत्यक्ष प्रतिकूल प्रभाव उसका शारीरिक स्थितिमा पर्दछ। उसले यति सानो उमेरमा कैयौँ ठाउँमा बालश्रम गर्नु परेको अनि धेरै बाधाहरू सहन गर्नु परेको कुरा उसले म पात्रलाई यसरी भनेकी छ- "मैले त कस्तो कस्तो घरमा काम गरिसकेकी छु, तन्देरी छोराहरू भएको घरमा पनि। कति त बुढो मान्छेको पनि ब्योहोरा नै हुँदैन।"[११] सम्भवत: ती कलिली बाह्र वर्षीय ईश्वरीले आफ्नो जीवनमा धेरै विपद सहन गर्नु परेको थियो।

दुख पनि बालकहरूको आन्तरिक परिवेशको एउटा मुख्य कारण हो। बालक स्वभावले नै कोमल हुन्छन्। यस कारणले उसमा प्रेम, घृणा, भय, क्रोध, ईर्ष्या तथा हर्षजस्ता भाव भए तापनि दुखका भाव भने कम नै देखिन्छ। तर कहिलेकहीँ बालकमा शोकको प्रभाव गहिरो परेको हुन्छ। मनोवैज्ञानिकहरूको भनाइअनुसार बालकहरूलाई आफ्ना अभिभावकसँग बाल्यावस्थामा नै छुट्टयाउँदा पनि बालकहरूमा शोकको संवेगले तीव्र गति लिदँछ। कथाकी पात्रा पनि बाल्यावस्थामै आफ्नी आमासँग छुटिएर अरूका घरमा काम गर्न बाध्य बनेकीले उसले आमाको माया ममताबाट टाढिनु परेकी छ। यी सबका कारण उसमा शोकको संवेग उत्पन्न भएको देखिन्छ।

कार्ल गुस्ताव जुङले मानिसको व्यक्तित्वलाई अन्तर्मुखी र बहिर्मुखी गरी दुई भागमा बाँडेका छन्।[१२] बालकहरूका निम्ति यस व्यक्तित्व प्रकारबारे पहिले मनोवैज्ञानिकहरूमा धेरै मतभेद थिए। तर पछि मास्टर्न नामक मनोवैज्ञानिकले दुई वर्षदेखि छ वर्षसम्मको बालकहरू पनि अन्तर्मुखी र

---

[१०] विन्द्या सुब्बा, **शीतलहर**, पूर्ववत, पृ ३८

[११] पूर्ववत, पृ ४४

[१२] कृष्णहरि बराल र नेत्र एटम, २०६६ ,**उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, काठमाडौँ, साझा प्रकाशन, पृ १२८

बहिर्मुखी हुन्छ भनी प्रमाण गरे। अन्तर्मुखी बालक आफ्नै संसारमा रमाउने, आफूलाई अरू समक्ष प्रकट गर्न नरुचाउने रहस्मयी हुन्छ भन्ने मनोवैज्ञानिकहरूको भनाइ रहेको पाइन्छ। अत: जुङको वर्गीकरणका आधारमा कथाकी ईश्वरी अन्तर्मुखी पात्रा हो। कथामा उसको स्वभावको वर्णन यसरी गरेको पाइन्छ "तर बिस्तारै एउटा कुरा लख गरेँ मैले कि जब पनि एक्लै हुन्छे, अधिक खुसी हुन्थी, जति सक्दो अरूबाट ओझेल भएर बस्न मन पराउँथी र अवसर पाउनसाथ एक्लै हाँस्न र दबिएको स्वरमा फिस् फिस् बोल्न थाल्थी।"[१३]

भय पनि बालकहरूमा रहेको एउटा संवेग नै हो। बालबालिकाहरूमा उत्पन्न भयको भावनाले उनीहरूलाई मृत्युमुखी बनाउँछ भन्ने फ्रायडको धारणा रहेको पाइन्छ। कोही बेला बालकहरूको स्वभावमा देखिएका क्रियाकलापलाई गाली गरेर, पिटेर अभिभावकले रोक्ने प्रयास गरेका हुन्छन्। यस प्रकारका अवरोधका कारण बालकका मनमा भयले बास गर्दछ। कथाकी पात्रा मात्र बाह्र वर्षीय बालिका भएकीले मालिकनीको गाली अनि कर्कश शब्द सुनेर डरले निलो हुनु अनि आफ्नी मालिकनीदेखि पर उभिनु उसमा भएको भयको संवेग नै हो।

बालकका मनमा भित्री परिवेशले मात्र प्रभाव पारेको हुँदैन। बाह्य परिवेशले पनि उसका जीवनमा उसका मनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुदँछ। बालकमा देखिने क्रोध, घृणा, ईर्ष्या, करूणा जस्ता संवेगहरू आन्तरिक परिवेश हुन् भने पारिवारिक, सामाजिक अनि आर्थिक स्थिति उसका बाह्य परिवेश हुन्। अत: यी दुवै परिवेशले बालबालिकाका जीवनमा प्रभाव परेको हुन्छ भन्ने कुरो मनोवैज्ञानिकहरूले गरेका छन्। बालमनोवैज्ञानिकहरूले पारिवारिक, सामाजिक अनि आर्थिक पक्ष बालमनोविज्ञानका आयाम हुन् भनेका छन्। अत: प्रस्तुत कथाकी बालपात्रको पारिवारिक साथै आर्थिक स्थिति अनि यी सबको प्रभाव उसका बाल मानसिकतामा कसरी परेको छ भन्ने बारे यहाँ चर्चा गरिन्छ-

**पारिवारिक स्थिति**

बाल बालिकालाई कुशल व्यक्तिका रूपमा स्थापित गर्नु नगर्नु अधिकांश उसका अभिभावकका व्यवहारमा निर्भर रहन्छ। अभिभावकको अधिक माया तथा अधिक तिरस्कारमा हुर्केका बाल बालिकाको व्यक्तित्व विकास सफल तरिकाले हुन सक्दैन। कथाकी बाह्र वर्षीय पात्रा ईश्वरी पनि

[१३] विन्द्या सुब्बा, **शीतलहर**, पूर्ववत्, पृ ३४

आफ्नै आमाबाट बेचिएकी बालिका हो। उसले पनि आफ्नी आमाबाट माया, स्नेह पाएकी छैन। हिन्दीका बाल मनोवैज्ञानिक जगदानन्द पाण्डेयले बालकका पारिवारिक स्थितिबारे चर्चा गर्ने क्रममा तिरस्कारमय व्यवहार प्रदर्शनबारे पनि चर्चा गरेका छन्। यस किसिमको पारिवारिक स्थितिमा अभिभावकले आफ्नो बालकप्रति पूर्णत: तिरस्कार भाव राख्दछन् भनेका छन्। कथामा पनि ईश्वरीकी आमाले उसलाई मात्र नभएर अरू सन्तानलाई पनि बालश्रम गर्न बाध्य बनाएकी कुरो कथामा यसरी देखाएको पाइन्छ- “हामी दिदीबहिनीहरू काम गरेको ठाउँबाट पैसा उठाउँदै पातैपात लुगा लगाएर हिँड्छे हाम्री आमा।” अत: कथामा आफ्नो पारिवारिक स्थिति ठिक नभएको साथै आमाबाट उचित रूपमा स्नेह नपाउनाका कारण ईश्वरीमा बालमनोविकृतिको विकास भएको छ।

### आर्थिक स्थिति

बालकका मनमा आर्थिक स्थितिको प्रभाव गहिरो रूपमा परेको हुन्छ। कुनै वस्तुप्रति बालकको इच्छा पैसाबिना पूर्ण हुन सक्दैन। यस कारण आर्थिक अवस्था कमजोर हुने बालकले आफ्ना इच्छा दमन गर्नु पर्ने हुन्छ। कथामा पनि आर्थिक समस्या नै द्वन्द्वको मूल कारक हो। आफ्नो आर्थिक अवस्था कमजोर भएकै कारण कथाकी बालपात्राले सानै उमेरमा बालश्रम गर्नु परेको छ। आफ्ना कतिपय इच्छा दबाउनाले नै उसलाई द्वन्द्वग्रस्त बनाएको छ।

## ४ निष्कर्ष

समग्रमा लेख्नु पर्दा ईश्वरी कथालाई कथाकार सुब्बाको बालमनोविज्ञानमा आधारित सफल कथा मान्न सकिन्छ। कथामा उनले बाह्र वर्षीय ईश्वरीमा निहित घृणा, क्रोध, द्वन्द्व, भयजस्ता विभिन्न संवेगहरू प्रस्तुत गर्न सफल भएकी छन्। उमेरले सानी भए तापनि बालकहरू प्रौढले झैँ पारिवारिक तथा सामाजिक भूमिका निर्वाह गर्न सक्छन् भन्ने कुरो प्रस्तुत कथामा रहेको छ। उचित रूपमा अभिभावकबाट स्नेह नपाए बालबालिकामा कसरी नकारात्मक प्रभाव पर्दछ भन्ने कुरो कथाकी बाह्र वर्षीय पात्रा ईश्वरी मार्फत देखाउन कथाकार सफल भएकी छन्। आँसु, करूणा, भय, क्रोध, नैराश्य आदि भावनात्मक संवेग हुन्। यही संवेगलाई कथाकी बालपात्रका माध्यमबाट कथाकार सुब्बाले देखाएकी छन्। ईश्वरीका चेतन मनमा परेको आघातले उसमा मानसिक असन्तुलन आएको छ। यही मानसिक विकृतिका कारण कथामा ऊ एक्लै बोल्ने, हाँस्ने भएकी छ। कथा, उपन्यासमा नारी मनका

विभिन्न तह केलाउन खप्पिस कथाकार सुब्बा बालिकाको मनका विभिन्न तह केलाउन पनि सफल रहेको उदाहरण कथाबाट पाउन सकिन्छ।